# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 19.02.2025**

***Finance Commission Grant***

केन्द्रले पन्ध्रौं वित्त आयोग अन्तर्गत आज बिहार, हरियाणा र सिक्किमका ग्रामीण स्थानीय निकायहरूका लागि वित्त वर्ष 2024-2025 को अनुदान जारी गरेको छ। सिक्किमलाई वित्त वर्ष 2024-2025 को अवधिमा छ करोड़ रूपियाँ भन्दा अधिक अनुदानको दोस्रो किस्ती प्राप्त भएको छ। यो धनराशि, अनिवार्य शर्त पूरा गर्ने चार योग्य जिल्ला पञ्चायतहरू र एक सय छयासी योग्य ग्राम पञ्चायतहरूका लागि हो।

***Assembly***

राज्य विधानसभाको अधिवेशन आउँदो शुक्रबार बस्ने भएको छ। सिक्किम विधानसभा सचिवालयबाट प्राप्त जानकारी अनुसार सदनको बैठक बिहान एघार बजीदेखिको साटो दस बजीदेखि शुरू हुनेछ।

***New CEC***

श्री ज्ञानेश कुमारले आज नयाँ दिल्लीको निर्वाचन सदनमा नयाँ मुख्य निर्वाचन आयुक्तको रूपमा कार्यभार सम्हाल्नुभयो। श्री कुमारले यस पदमा राजीव कुमारको स्थान लिनुभएको छ। मुख्य निर्वाचन आयुक्तको कार्यभार सम्हाले आफ्नो सन्देशमा श्री कुमारले भन्नुभयो रास्ट्र निर्माणका लागि पहिलो पाइला मतदान हो र भारतका प्रत्येक नागरिक मतदाता हुनुपर्छ। उहाँले भन्नुभयो अठार वर्ष पुग्ने नागरिकले सदैव मतदान गर्नुपर्छ। श्री ज्ञानेश कुमारले भन्नुभयो भारतको सम्विधान चुनावी कानून, नियम र यसमा जारी निर्देश अनुसार चुनाउ आयोग सदैव मतदाताहरूसित थियो, छ र रहनेछ। यसअघि श्री कुमार पन्ध्र मार्च 2024 देखि चुनाउ आयुक्तको रूपमा कार्यरत हुनुहुन्थ्यो।

***Pakyong DC Meeting***

पाकिमका जिल्लाधीश रोहण अगवानेले, शासनव्यवस्थालाई सुदृढ़ बनाउने र जिल्लाका विभिन्न विभागहरूबाट राजस्व स्थितिको समीक्षा गर्ने मुख्य मन्त्रीको निर्देशलाई ध्यानमा राखेर पाकिममा आज कार्यालय प्रमुखहरूको समन्वय बैठक गर्नुभयो। यसमा उहाँले कार्यस्थलमा समयनिस्ठाको महत्वबारे जोड़ दिँदै सबै कर्मचारीहरूसित कार्यालयमा अनुशासन कायम राख्ने आग्रह गर्नुभएको छ। E-कार्यालय व्यवस्थाबारे बोल्दै श्री अगवानेले भन्नुभयो यसद्वारा संसाधनको बचत हुनका साथै कार्य संचालन कौशलता बढ़नेछ।

***Training Poultry Farming***

कारेफेक्टार स्थित राज्य ग्रामीण विकास संस्थानमा कुखुरापालनमाथि ब्यापक तीन दिने लामो प्रशिक्षण कार्यक्रम आज सम्पन्न भयो।
कन्द्रीय पूर्वोत्तर क्षेत्र विकास मन्त्रालय अधिन पूर्वोत्तर परिषदको प्रायोजनामा सोरेङ जिल्ला प्रशासनले पशुपालन तथा पशुचिकित्सा सेवा विभागसित मिलेर यसको आयोजना गरेको थियो। यसमा माबोङ सेगेङ, गेलिङ बैगुने, साम्लिह पिपले र जूम ग्राम पञ्चायत इकाईका गरी जम्मा तीन सय लाभार्थीहरूले भाग लिए। समापन कार्यक्रममा मुख्य अतिथि बैगुनेकी प्रखण्ड विकास अधिकारी श्रीमती प्रमिला गुरूङले योजनाको महत्व र सहभागीहरूका लागि यसका लाभहरूबारे जानकार दिनुभयो। प्रशिक्षण कार्यक्रममा सहभागीहरूलाई कुखुरा पालनका विभिन्न पक्षहरू, कुखुरा पालन प्रवन्धन, कुखुरा पालन उद्योग जस्ता विषयहरूबारे अवगत गराइयो।

***Handwashing Station***

विद्यार्थीहरूमा कीटाणु र संक्रामक रोगहरू फैलिन नदिनका लागि डिक्चु उच्चतर माध्यमिक पाठशालामा हात धुने स्थल निर्माण गरिएको छ। आज यसको उद्धाटन गरियो। राज्यको शिक्षा विभागकासित मिलेर सुलभ स्वच्छता क्लब, नयाँ दिल्लीद्वारा कार्यान्वित एउटा प्रतिस्ठानको सहयोगमा यो सुविधा उपलब्ध गराइएको छ। यस अवसरमा बोल्दै पाठशालाका प्राचार्य श्री सन्तोष छेत्रीले भोजन गर्नअघि, शौचालयको प्रयोग गरेपछि र बाहिर खेलेर आएपछि नियमित रूपमा हात धुनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो। कार्यक्रममा शिक्षकगण र विद्यार्थीहरू उपस्थित थिए।

***Snowfall Sikkim***

सिक्किमका ऊचाईयुक्त क्षेत्रहरूमा बाक्लो कुहिरो र हिमपातको कारणले पर्यटक र यात्रीहरूलाई समस्या पर्न गएको छ। हिउँ थुप्रिएको हुँदा लोकप्रिय पर्यटक स्थल छाँगु झीलदेखि नाथुला र बाबा मन्दिर जाने मार्गलाई अस्थाई रूपमा बन्द गरिएको छ। सीमा सड़क संगठन, BRO ले भनेको छ- सम्पर्क व्यवस्था पुन: शुरू गर्नका लागि संगठनको टोलीले ठाउँ ठाउँमा जमिएका हिउँ फँयाक्ने काम गरिरहेछ। मौसम विज्ञान विभागले क्षेत्रमा अझै हिमपात हुने पूर्वानुमान गरेको छ। चुनौतीपूर्ण मौसमको स्थितिमा पनि तीनमाइलदेखि छाँगु झील सम्मको बाटो खुल्ला र सुगम भएकाले पर्यटकहरूले क्षेत्रको सुन्दर दृश्य अवलोकन गर्ने अवसर पाएका छन्। तथापि आउँदा दिनहरूमा हिउँ पर्नाले यात्राको योजनामा बाधा पुग्न सक्ने बताइएको छ।

***Weather***

यसैवीच स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार बितेका चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान बाह दशमनउ आठ डिग्री सेल्सियस र न्यूनतम तापमान आठ दशमलउ एक डिग्री सेल्सियस रेकार्ड गरियो। विभागको पूर्वानुमानमा भोलि न्यूनतम तापमान छ डिग्री सेल्सियस रहनेछ।